# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभागको
## <u>सूचना</u>

Nepal Electronic Payment System (NEPS) बाट कार्ड सम्बन्धी होस्टिङ र स्विचिङको सेवा लिई परिवर्त्य विदेशी मुद्रा वा भारतीय मुद्राको इलेक्ट्रोनिक कार्ड मार्फत भुक्तानी सेवा प्रदान गर्दै आइरहेका बैंक तथा वित्तीय संस्थाहरुलाई विदेशमा रहेका आफ्ना कार्ड धारकहरुलाई मिति २०७६/०५/१८ देखि NEPS को होस्टिङ र स्विचिङ सेवा अवरुद्ध भएको सम्बन्धमा सो सेवा पुनः सुचारु नभएसम्मको लागि निम्न शर्तहरुको अधिनमा रही वैकल्पिक माध्यमहरुबाट रकम पठाउन सक्ने गरी विदेशी विनिमय ( नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

१. यस बैंकबाट विदेशी मुद्रा सटही सम्बन्धमा विभिन्न मितिमा जारी गरिएका परिपत्र/सूचनाहरुको अधिनमा रही सेवा अवरुद्ध हुनु अगाडि जारी गरिएका Prepaid Card/ Debit Card /Credit Card मा कायम बाँकी मौज्दातको सीमासम्मको रकम बैकल्पिक माध्यमबाट दोहोरो नपर्ने गरी रकमान्तर गर्न सकिनेछ। यस्तो माध्यमबाट रकमान्तर/भुक्तानी भएको रकम कार्डको सीमाबाट घटाउनुपर्नेछ। साथै, वैकल्पिक माध्यमबाट रकमान्तर गर्दा ग्राहकसँग अतिरिक्त शुल्क लिन पाइने छैन।

२. बुँदा नं. १ बमोजिम गरिने वैकल्पिक व्यवस्थाका लागि नेपालमा विप्रेषण पठाउन भारतस्थित विभिन्न स्थानमा रहेका विभिन्न विप्रेषण प्रदायक कम्पनीका केन्द्रहरु मार्फत समेत त्यस्ता कार्ड धारकहरुलाई कार्डमा रहेको रकम सुनिश्चित गरी भारतीय रुपैयामा भुक्तानीको व्यवस्था गर्न सकिनेछ।

३. कार्ड धारकको निवेदन लिई निज वा निजले अख्तियारी दिएको व्यक्ति वा संस्थाको विदेशस्थित बैंक खातामा उक्त रकम रकमान्तर गर्न सकिनेछ।

४. यसरी वैकल्पिक माध्यमबाट रकमान्तर गरिएको रकमको साप्ताहिक विवरण ७ दिन भित्र यस विभागमा पेश गर्नुपर्नेछ।

५।२६.

**(सरिता भट्ट अधिकारी)**
**कार्यकारी निर्देशक**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

प्रकाशित मिति : २०७६/०५/२६